न्यानो कपडा लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ पुस ०८ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 December 23 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११७

## परम्परागत खेती छाडी किसानहरू माछापालनतर्फ आकर्षित

ओमप्रकाश चौधरी, सेढवा, ७ पुस/

पर्सा जिल्लाका किसानहरू माछापालनतर्फ आकर्षित हुन थालेका छन् । खेतीपातीका अन्य कार्यमा उत्पादन गर्ने तर त्यसको उचित मूल्य नपाएको कारण आफू माछापालनतर्फ आकर्षित भएको प्रतिक्रिया दिए । अहिले कृषि कार्यको लागि सबैभन्दा ठूलो समस्या माछापालन चारपटक हुने हुँदा यो व्यवसायतर्फ आफू आकर्षित भएको बताए । आफूसँगै अरू किसानहरू पनि अहिले माछा खेतीतर्फ आकर्षित भइरहेको



जीराभवानी गाउँपालिका–२ सेढवामा माछापालनको लागि पोखरी खनिँदै । तस्वीरः प्रतीक

बीउबिजन, मल, कीटनाशक औषधि, सिंचाइको समस्या भोग्नुका साथै उत्पादित वस्तुको उचित मूल्य नपाउने गरेका कारण माछापालनतर्फ स्थानीय किसानहरूको आकर्षण बढेको हो ।

धानखेती भित्र्याएसँगै केही किसानले गहुँ, दलहन, तेलहन, सुर्ती, मकैको साटो माछापालनका लागि पोखरी खन्ने काम शुरू गरेका छन् । पटेर्वासुगौली गाउँपालिका–५ देउरियाका किसान भगवती चौधरीले धान, गहुँलगायतका खेतीपातीमा विभिन्न खाले समस्याको सामना गर्नुपरेका कारण यसपटकदेखि आफ्नो दुई बिघा खेतलाई माछापालनको लागि पोखरीमा परिणत गरेको बताए ।

उनले विभिन्न कष्ट सहेर धान, गहुँ खेती गर्दा वार्षिक दुई बाली हुने तर मजदूर नपाउनु पनि भएकोले खेतीपातीबाट विस्थापित भएर माछापालन शुरू गरेको चौधरीको भनाइ छ ।

उनीजस्तै पर्सागढी नगरपालिका–३ बागवन्नाका हरिन्द्र चौधरीले पनि माछापालन व्यवसाय शुरू गरेका छन् । हाल उनले तीस बिघामा माछापालन गर्दै आएको र मनग्य आम्दानी गरिरहेको बताए । उनले तीस बिघा पोखरीबाट वार्षिक दुई करोड मूल्य बराबरको माछा उत्पादन हुने र सोबाट अन्य खेतीभन्दा बढी लाभ हुने गरेको बताए । चौधरीले पोखरीबाट उत्पादित माछा हेटौंडा, चितवन, काठमाडौं, पोखरालगायत ठाउँमा पठाउने गरेको बताए । अन्य खेती गर्दा वार्षिक दुई बाली हुने तर माछापालन चारपटक हुने हुँदा यो व्यवसायतर्फ आफू आकर्षित भएको बताए । आफूसँगै अरू किसानहरू पनि अहिले माछा खेतीतर्फ आकर्षित भइरहेको उनको भनाइ छ ।

छिपहरमाई गापा–४ बन्जारीका नरेश साहले पनि तीन वर्षदेखि अन्य खेतीबाट विस्थापित भई माछापालन शुरू गरेका छन् । साहले अन्य खेती गर्दा बीउबिजन, मल, सिंचाइसँगै प्राकृतिक विपतिको सामना गर्नुपर्दा क्षति मात्रै हुने गरेको र उत्पादनको उचित मूल्य पनि नपाउने गरेको कारण माछापालनतर्फ आकर्षित भएको र अहिले राम्रो आम्दानी भइरहेको बताए । साहले माछाको माग अहिले बढिरहेको र पोखरीबाटै माछा खरीद गरी व्यापारीहरूले लाने गरेको कारण यो व्यवसाय आफूलाई राम्रो लागेको बताए । कम मेहनत र लगानीमा बढी मुनाफा भएको उनको भनाइ छ ।

## नेका प्रदेश अधिवेशनको निर्वाचन बिहीवार

प्रस, जनकपुरधाम, ७ पुस/

नेपाली काङ्ग्रेस प्रदेश २ को जारी अधिवेशन बुधवार हुने तय भएको निर्वाचन स्थगित भएको छ । बुधवार १ बजेबाट हुने भनिएको निर्वाचन बिहीवार बिहान ८ बजेसम्मका लागि स्थगित भएको हो ।

साँझ ६ बजेसम्म पनि मतपत्र छपाइको काम पूरा हुन नसकेपछि निर्वाचन एक दिनपछि धकेलिएको हो । बिहीवार बिहान ८ बजेसम्मका लागि स्थगित गरिएको निर्वाचन समितिले जानकारी दिएको छ ।

नेपाली काङ्ग्रेस प्रदेश २ को सभापतिका लागि संस्थापन (देउवा) पक्षबाट रौतहटका कृष्ण यादव र डा शेखर कोइराला समूहको समर्थनबाट धनुषाका रामसरोज यादवले उम्मेदवारी दर्ता गरेका छन् । दुवै पक्ष पदाधिकारीहरूको नामसहितको समूहगतरूपमा मैदानमा उत्रिएका छन् । प्रदेशमा सभापति १, उपसभापति २, महामन्त्री २ र एकजना महिलासहित सहमहामन्त्री ३ सहित ७२ पदका लागि निर्वाचन भइरहेको छ । निर्वाचित सदस्यहरूमध्ये कोषाध्यक्ष मनोनयन गरिने व्यवस्था छ ।

सभापतिका उम्मेदवार रामसरोज यादव पक्षबाट उपसभापतिमा धनलाल ठोकर (रौतहट), विनोद खनाल (सर्लाही) महामन्त्री नरेश यादव (सिराहा), हरेस महतो (सर्लाही), सहमहामन्त्री अरविन्द अमात्य (पर्सा), विनोद यादव (महोत्तरी) र निर्मला सुवेदी (बारा)ले उम्मेदवारी दिएका छन् । त्यसैगरी, संस्थापन पक्षबाट सभापतिका उम्मेदवार कृष्ण यादवको समूहबाट उपसभापति वीरेन्द्र सिंह प्रदेशमन्त्री (सर्लाही), चन्द्रशेखर यादव ( बारा), महामन्त्रीमा उपेन्द्र यादव (सिराहा), वृहस्पतिकृष्ण श्रेष्ठ (पर्सा), सहमहामन्त्रीमा जयनारायण यादव (बारा), परशुराम चौधरी (सप्तरी) र महिला सहमहामन्त्रीमा रीता यादव (सप्तरी) छन् ।

प्रदेश २ का आठ जिल्लाका ६४ प्रदेश निर्वाचन क्षेत्र र ३२ सङ्घीय निर्वाचन क्षेत्रका प्रतिनिधि मतदाता रहेका छन् । प्रदेश चुनावमा एक हजार नौ सय २० जनाभन्दा बढी मतदाता छन् ।

दुवै समूहले सदस्यहरूको नामलाई समूहमा समावेश गरेका छैनन् । सदस्यहरू समूहमा रहे पनि उनीहरूको नाम सभापतिको समूहमा आएको छैन । धनुषा जिल्लामा देउवा समूहको पकड बलियो छ । तर रामसरोज यादवको गृह जिल्ला भएकोले सो समूहका मतदाताहरू स्थानीयको नाममा प्रभावित हुन सक्ने सम्भावना देखिएपछि यसरी प्रभावित नहोस् भनेर गृहमन्त्री बालकृष्ण खाँडले निगरानी गरिरहेका छन् ।

बारा, पर्सा, रौतहट र सर्लाहीमा पनि देउवा समूह बलियो रहेको बताइएको छ । महोत्तरी, सिराहा र सप्तरीमा कडा प्रतिस्पर्धा रहे पनि कोइराला र निधिको पक्ष गहकिलो छ ।

प्रदेशमा कोइराला र निधि एकातर्फ भएपछि पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवाको प्रतिष्ठाको विषय बनेको छ ।

### पाँचजना सदस्य निर्विरोध निर्वाचित

नेपाली काङ्ग्रेस प्रदेश २ को अधिवेशनमा पाँचजना सदस्य निर्विरोध निर्वाचित भएका छन् । जिल्ला र समावेशी सूची अन्तर्गतको निर्धारित कोटामा एक/एक जनाको मात्र उम्मेदवारी परेकाले पाँचजना सदस्य पदमा निर्विरोध निर्वाचित भएको प्रदेश निर्वाचन समितिले जनाएको छ ।

निर्विरोध हुनेमा जिल्लाबाट प्रदेश सदस्य खुल्लामा सप्तरीका आशाराम चौधरी, महिला सदस्यमा सप्तरीकी विमलादेवी साह, महोत्तरीकी उषा देवकोटा र पर्साकी किरणकुमारी शर्मा निर्विरोध भएको निर्वाचन समितिका संयोजक प्रह्लाद गौतमले बताए ।

त्यस्तै, प्रदेश सदस्य आदिवासी जनजातिबाट मनमाया तामाङ निर्विरोध भएको निर्वाचन संयोजक गौतमले बताए ।

## वीरगंज युवा समाजद्वारा दाउरा वितरण

प्रस, वीरगंज, ७ पुस/

वीरगंज युवा समाजले चीसो बढेसँगै अस्पतालमा पनि दाउरा वितरण गरिएको थियो । समाजका सदस्य दिवससिंह ठकुरीको संयोजकत्वमा वीरगंज भन्सार, शङ्कराचार्य गेट, घण्टाघर, पावरहाउस चोकमा दाउरा वितरण गरिएको थियो ।




तस्वीरः प्रतीक

केही दिनदेखि वीरगंजलगायतका क्षेत्रमा चीसो बढेपछि समाजले आज दाउरा वितरण गरेको सदस्य दिगम्बर थापाले बताए ।

समाजका अध्यक्ष चौगाईंले चीसोबाट बच्न चोकचोकमा सम्भव भएसम्म दाउरा वितरण कार्यलाई निरन्तरता दिने र यससँगै कपडा वितरण गरिने बताएका छन् । उनले आज पाँच क्वीन्टल दाउरा वितरण गरिएको बताएका छन् । दाउरा वितरण कार्यमा अनुप अग्रवाल, अमित गुप्ता, आदित्य चौगाई, रवि केशरी, लालबाबू चौधरीलगायतले सहयोग गरेका थिए ।

महानगरका विभिन्न ठाउँमा दाउरा वितरण गरेको छ ।

चोकचोकमा मानिसहरू जमघट हुने स्थानमा दाउरा वितरण गरेर आगोबाट न्यानो पार्ने काम गरेको समाजका अध्यक्ष कमल चौगाईंले बताए । उनको नेतृत्वमा बिर्ता मन्दिर चोकमा दाउरा वितरण गरिएको थियो । यसैगरी, नारायणी

## बिहारका मुख्यमन्त्रीद्वारा समाज सुधार अभियान



तस्वीरः राजेश केशरीवाल

प्रस, रक्सौल, ७ पुस/

बिहारका मुख्यमन्त्री नितिश कुमारले महिलाहरूको गुनासोको आधारमा बिहारमा मदिरामाथि प्रतिबन्ध लगाएको बताएका छन् ।

मोतिहारीमा आयोजित समाज सुधार अभियान अन्तर्गत गाँधी मैदानमा आयोजित कार्यक्रममा मुख्यमन्त्री नितिश कुमारले मदिरामाथि प्रतिबन्ध लगाएको कारण सामाजिक स्थितिमा निकै सुधार आएको दाबी गरे ।

उनले मदिरामाथिको प्रतिबन्धका साथै दहेज र बालविवाहविरुद्ध पनि समाजलाई अगाडि आउन आग्रह गरे ।

उनले विवाहको कार्डमा दाइजो लिन्नँ भनेर लेखिने प्रथा अहिले कम भएकोमा दुःख व्यक्त गरे । उनले अब उपरान्त कार्डमा दाइजो लिन्नँ भनेर नलेख्ने व्यक्ति जोसुकै भएपनि आफू त्यस्तो विवाहमा सहभागी नहुने प्रतिबद्धता जाहेर गरे ।

उनले मदिरा बन्द गरेपछि यसको विरोधमा धेरै आवाज उठेको चर्चा गर्दै ग्रामीण क्षेत्रबाट मदिरा बन्द अभियान शुरू गरेको र शहरी क्षेत्रमा पनि यसको असर राम्रो देखिएपछि सबै क्षेत्रमा मदिरा बन्द गरेको बताए । उनले मदिरमाथिको प्रतिबन्ध लागे पनि अहिले यस विषयमा गडबडी भइरहेकोतर्फ सङ्केत गर्दै यसविरुद्ध कारबाई गर्न स्थानीय प्रशासनलाई निर्देशन दिए ।

## गरीब असहायलाई कम्बल वितरण

प्रस, रक्सौल, ७ पुस/

रक्सौलस्थित माता मन्दिर सेवा ट्रस्टको आयोजनामा बुधवार २५० जना गरीब असहायलाई कम्बल वितरण गरिएको छ ।

बढ्दो जाडोसँगै गरीब असहायलाई अप्ठ्यारो भएको महसुस गरी माता मन्दिरसेवा ट्रस्टले २५० जनालाई कम्बल वितरण गरेको संस्थापक सदस्य प्रदीप भारतीले बताए ।

कार्यक्रममा गरीब असहायलाई समाजसेवी भरतप्रसाद गुप्ताले कम्बल वितरण गरेका थिए ।



तस्वीरः प्रतीक

## विचारसार एवं सूक्तिहरू

**बाटो देखाउने व्यक्ति सही छ भने दियोको उज्यालो पनि सूर्य बन्न पुग्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# एमसिसी विवाद

**अमेरिकी सहयोगसम्बन्धी प्रस्ताव मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बारे मुलुकमा चर्चा चलेको चार वर्ष भयो। नेपाल सरकार र अमेरिकी सरकारबीच सन् २०१७ मा एमसिसी कम्प्याक्ट सम्झौता भएको थियो। सम्झौता भएदेखि नै यो चर्चाको विषय बनेको छ। चिया चौतारोदेखि संसद् र सडकसम्म एमसिसीले स्थान पाएको छ, तर जहाँ जे जति चर्चा तथा छलफल, बहस भएपनि निचोड निस्किएको छैन। छलफलको लागि नै छाडिदिने हो कहिल्यै पनि यसमा मत एकता हुन सक्ने देखिंदैन। एमसिसी पक्षधरको तर्क आफ्नो ठाउँमा बलियो छ भने विपक्षीको तर्क पनि दमदार छ। सर्वसाधारण नागरिक भने जसको कुरा सुन्यो उसैको ठीक भन्ने अवस्थामा देखिएका छन्। केही सचेत भनिएका नागरिक राजनीतिक दलका कार्यकर्ता बनेका छन्। उनीहरूलाई त झन् एमसिसीबारे फेद र टुप्पो केही थाहा छैन। आफ्नो बुझाइभन्दा पनि आफू समर्थित राजनीतिक दल वा तिनका नेताले जे भन्यो त्यसैमा होमा हो गर्नेसम्मका मात्रै कार्यकर्ताहरू हाम्रो मुलुकमा छन्।**

**नेपाली काङ्ग्रेसबाहेकका राजनीतिक दलहरूभित्र एमसिसीबारे मतभेद छ। सम्झौतादेखि अहिलेसम्म नेका पार्टीमा भने एमसिसीको पक्षमा मत एकता छ। उसले एमसिसी देश र नागरिकको हितमा रहेको तर्क गर्दै सङ्घीय संसद्बाट पास गर्नुपर्नेमा जोड दिएको छ। यसअघि देउवा नेतृत्वको सरकार छँदादेखि सत्ताबाट झरेर विपक्षीमा हुँदा र हाल पुनः सरकारमा पुग्दा पनि उसको एउटै कुरा छ। अन्य राजनीतिक दलहरू भने आफैं अन्योलमा देखिएका छन्। तत्कालीन नेकपामा केपी ओली नेतृत्वको सरकार छँदा ओली पक्षधर एमसिसी पारित गर्नुपर्ने पक्षमा थिए। ओलीइतर गुटका नेता/कार्यकर्ताहरू भने एमसिसीको विरोधमा थिए। त्यसैगरी, डा बाबुराम भट्टराई सरकारमा छँदा उनले एमसिसीको पक्षमा वकालत गरे, उनकै पार्टी तत्कालीन माओवादी केन्द्रभित्र भने विवाद थियो। अझ गज्जबको कुरा त के छ भने दलका कतिपय नेता तथा अगुवाहरू सत्तामा रहँदा एमसिसीको पक्षमा र सत्ताबाहिर रहँदा विपक्षमा देखिएका छन्। यसअघि द्विविधामा रहेका महन्थ ठाकुर नेतृत्वको लोसपाले भने हाल आएर सत्ताबाहिर रहे पनि एमसिसीको पक्षमा रहने निर्णय गरेको छ। पक्ष–विपक्ष दुवै तर्फकाहरूले सम्झौताको तथ्यमा रहेरभन्दा पनि तथ्य बङ्ग्याएर वा भावावेशमा बहकिएर तर्क गरिरहेका छन्। अझ भन्ने हो भने हाम्रा राजनीतिक दलहरू एमसिसीलाई राजनीतिक आस्थाको आधारमा समर्थन र विरोध गरिरहेका छन्।**

**एमसिसीबारे वर्तमान सत्ता गठबन्धनमा एकमत हुन नसक्नुको मुख्य कारण पनि राजनीतिक लाइन नै हो। गठबन्धनमा कुनै दल भारत, अमेरिका अर्थात् पूँजीवाद पक्षधर छन् भने कुनै दल चीन वा साम्यवाद पक्षधर छन्। नेपालमा एमसिसी लागू नहोस् भन्ने चाहना चीनको छ। भारत अमेरिकाको चाहना लागू होस् भन्ने हो। एमसिसी विवाद मुलुक र नागरिकको हितलाई केन्द्रबिन्दुमा राखेर नभई पूँजीवाद र साम्यवादलाई केन्द्रबिन्दुमा राखेर भइरहेको छ। सर्वसाधारण नागरिक त उनीहरूको पछि लाग्ने मात्रै हुन्। एउटै दलको फरक–फरक धारणा आउँदा भने नागरिक झन् अलमलमा पर्छन्। एमसिसीबारे तथ्यमा रहेर निष्पक्ष तरीकाले विश्लेषण गर्न एवं वास्तविक कुरा नागरिकलाई प्रस्ट पार्न कतै पनि नढल्किएको अगुवा पङ्क्तिको खाँचो छ।**

# बदलिंदो परिवेशमा हाम्रो आवश्यकता

देश सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा गएपछिको समयमा धेरै किसिमले फडको मारेको छ। आलोचकहरू भन्ने गर्छन् कि देशले खासै विकास गरेको छैन। यो असन्तुष्टि हो, अविश्वास होइन। विकासप्रति असन्तुष्टि भनेको थप विकासको तीव्र चाहनाको सम्बोधन हुनुपर्छ भन्ने हो। त्यस्ता आलोचकलाई के भएन वा यति समयमा यसभन्दा पहिले के भएको थियो भनेर सोध्ने हो भने उत्तरमा राजनैतिक असन्तुष्टि उभ्याइदिन्छन्। सही अर्थमा देशमा विकास भएको छ। देश विकासको बाटोमा अग्रसर छ। पहिले रकमको अभावमा विकास हुँदैनथ्यो, अब विकास कार्यमा मानिसहरूबीच मतभिन्नता हुँदा वा तत्काल सहमति हुन नसक्दा विकास अवरुद्ध देखिन्छ। जहाँ सहमति हुन्छ, जहाँ अवरोध हुँदैन, जहाँ विकासप्रति धेरैको सकारात्मक चासो हुन्छ, त्यहाँ विकास प्रभावित हुँदैन। विकासले गति लिएको छ। विकासको नयाँ तरीका बुझिन थालिएको छ।

गणतन्त्र र सङ्घीयताले समाजको आवश्यकतामा पनि परिवर्तन ल्याइदिएको छ। सामाजिक परिवेशमा पनि परिवर्तन ल्याएको छ। यस परिवर्तित परिवेशले सामाजिक आवश्यकतालाई पनि फरक किसिमले परिभाषित गर्न खोजेको छ। आधारभूत आवश्यकताको आपूर्ति गर्न नसक्ने परिवार एकातिर छँदैछ। देशमा अति विपन्न परिवारले कष्टकर जीवन बिताइरहेको छ। लगातार दुई वर्षको कोरोनाले धेरै विपन्नको ढाड भाँचिदिएको छ। कैयौं परिवारलाई बिचल्लीमा पारिदिएको छ। ग्रामीण अर्थतन्त्रमा पनि धेरै नकारात्मक असर परेको छ। कतिपय ठाउँको जग्गा जमीनको भाउमा दुई वर्षदेखि कुनै वृद्धि भएको छैन। कतिपय विपन्नलाई ऋण लागेको छ। गुमेको रोजगार अहिलेसम्म प्राप्त हुन सकेको छैन। यी यथार्थहरूबीच पनि समग्र नेपालको आवश्यकतामा भने केही फरक रूप देखिएको छ। देशको आवश्यकता कतातिर मोडिंदै छ भन्ने कुराको सामान्य अनुमान लगाउन मुश्किल हुन्छ तर जब यथार्थ देख्दछौं तब लाग्न थाल्दछ कि हाम्रो आवश्यकताले नयाँ मोड लिन लागेको छ।

हो, केही महीनादेखि लगातार रेमिटान्स कम भइरहेको छ। आइरहेको रेमिटान्सको उपयोग पनि केही क्षेत्रमा भइरहेको छ भन्ने कुराको अध्ययन गर्ने हो भने धेरै मात्रामा विलासिताको वस्तुको नाम आउँछ। नेपाल राष्ट्र बैंकले पनि विलासिताको वस्तु आयात निकै बढेको भनेर सचेत गराइसकेको छ। विलासिताको वस्तुको आयात बढ्न र रेमिटान्स घट्नुले विपरीत सम्बन्ध राख्दछ। यसको सोझो अर्थ यो पनि हो कि हाम्रो समाज अधोगतितिर लम्कँदो छ। हुनत हाम्रो देश अति विपन्न मुलुकको श्रेणीबाट एक तह माथि उक्लेको पनि अहिले नै हो, तर कोरोनाको समयमा देशले प्राप्त गरेको आर्थिक दुर्गतिबाट हाम्रो समाज अझै उन्मुक्त भइसकेको छैन र विलासिताका महँगा सामग्रीहरू देशमा धेरै भित्रिनुले देशमा निम्न वर्ग र सम्पन्न वर्गबीच खाल्डो बढेको छ।

महँगा गाडीको आयातमा वृद्धि भएको छ। अन्य सवारी साधन पनि धेरै आइरहेका छन्। शृङ्गारका साधनहरू पनि धेरै आइरहेका छन्। पहिलेको तुलनामा मदिराको बिक्री बढेको छ। हाम्रो खेतमा उत्पादन हुने धानको चामलभन्दा बाहिरबाट आउने चामलले बजारमा विस्तार पाएको छ। अहिले यदि खाद्यान्न बजारको अनुगमन गर्ने हो भने हाम्रो खाद्यान्नभन्दा विदेशी खाद्यान्नले बढी मूल्य पाइरहेको तथा मध्यम वर्गको मुखको स्वाद फेरिरहेको छ। अझ गाउँसम्म पनि बाहिरबाट आएको चामल पुग्न थालिसकेको छ। धेरै परिवार यस्ता पनि देखिएका छन् जो आफ्नो खेतको उत्पादन बेचिरहेका छन् र बाहिरको चामल किनेर खाइरहेका छन्। यसमा के कति घाटा छ भन्ने कुराको ठेगान किन गरिरहेका छैनन् भने घरका बालबालिका वा युवालाई मोटो चामल मन पर्दैन। बाहिरबाट आएको चामलले गाउँको स्वाद परिवर्तन गर्नुमा शहरमा बसेर आएका युवाहरूको भूमिका ठूलो छ। बन्दाबन्दीले शहरमा काम दिलाउन नसकेपछि गाउँतिर बसेका तर शहरको बसाइँको प्रभाव नहटेका युवाहरूले आफ्नो आनीबानी, स्वाद र पहिरन अन्य गाउँलेमा सारिदिएका छन्। यसले गर्दा गाउँमा पनि रेडिमेड कपडा लगाउने बढेका छन् जुन बाहिरबाट आउँछ।

हाम्रो आवश्यकता कसरी बदलिरहेको छ भने हिजोसम्म गोटीवाला मोबाइल रहेको हातमा अब स्किन टच मोबाइल देखिन थालेको छ। गाउँमा इन्टरनेटको सुविधा पुगिसकेकोले रिचार्जको बिक्री धेरै बढेको छ तर आय भने बढ्न सकेको छैन। आयका परम्परागत स्रोतहरू सुकेका छन्। यद्यपि अहिले पनि गाउँका अधिकांश परिवारमा बाख्रापालनले धेरै थोक धानेको देखिन्छ। यो असान्दर्भिक कुरो होइन।

अधिकांशको भनाइ छ–अहिलेका बालबालिकाहरू पढ्न रुचाइरहेका छैनन्। कोरोनाको समयभन्दा पहिले र अहिलेको समयमा धेरै परिवर्तन भइसकेको छ। विद्यालय तथा क्याम्पस तहका विद्यार्थीहरूमा पढ्ने बानी बिग्रिसकेको छ। पढाइको बानी बिग्रँदा बालबालिकाहरूले नपढी पास हुने उपाय खोजिरहेका छन्। पढाइलाई बेकार ठान्ने बानीको विकास हुनु वा उत्तीर्ण हुनुमा अधिकारको आवश्यकता महसूस गर्ने विकृति विकसित हुनुलाई दुःखद नै मान्नु उचित हुन्छ। अभिभावकहरू एउटा पनि पत्रिका पढ्न आवश्यक ठान्दैनन् तर विद्यालय पढ्ने बालबालिकालाई बीस–पच्चीस हजार रुपियाँको मोबाइल किनेर दिन आवश्यक ठान्दछन्। त्यो मोबाइल हाम्रो देशमा बनेको हुँदैन। मोबाइल हाम्रो ठूलो आवश्यकता बनिसक्यो, अर्थात् अहिलेको युगमा मोबाइल आधारभूत आवश्यकता बनिसक्यो धेरैको लागि। मोबाइलको उपयोग शिक्षा क्षेत्रमा गर्न अभिभावकले नजानेको तथा बालबालिकाले गर्न नचाहेको अवस्था हो। अहिले बालबालिकाले आफ्नो आवश्यकता के हो भन्ने बुझ्न नसक्नु दुःखद हो भने अभिभावक, समाज र सामाजिक सञ्जालले बुझाउन नसक्नु झन् ठूलो दुर्भाग्य हो। सामाजिक सञ्जाल त सबै वर्गको आवश्यता बनि नै सकेको छ। जो सामाजिक सञ्जालमा सक्रिय छैन, उसले हरेक दिन वा हरेक समय आफूलाई पछाडि पर्दै गएको बुझ्दै गएको छ।

शिक्षा पहिलो आवश्यकता हुनुपर्ने हो, तर कोरोनालाई दोष दिन सजिलो भएकोले भन्नुपरिरहेको छ कि कोरोनाको दुई लहरपछि शिक्षाको स्तर निकै गिरेको छ। शिक्षाको स्तर गिराउन परीक्षाको वा परीक्षा प्रणालीको वा नतीजाको भूमिका हो भन्ने सोलोडोलो आरोप रहेको छ तर विद्यार्थी भने खुशी छन्। आर्थिक क्षेत्रमा जसरी हाम्रो आवश्यकता अर्थतन्त्रलाई सन्तुलनमा राख्नु रहेको छ त्यसैगरी शिक्षा क्षेत्रमा परीक्षा व्यवस्थित गर्नु परिवर्तित परिवेशमा हाम्रो सामाजिक आवश्यकता बनेको छ। यदि शिक्षालाई ट्र्याकमा ल्याउन सकिएन भने एउटा पुस्ता नै बिग्रिने अवस्था आउन थालेको छ। हो, ट्र्याकमा ल्याउन खोज्दा कतिपय बालबालिकाको एकाध वर्ष पछाडि हुन सक्ला, तर ट्र्याकमा आयो भने गुणस्तर सन्तुलित बनाउन सजिलो हुन्छ।

अहिले जसरी पनि नाफा कमाउने प्रवृत्ति बढेको छ। कोरोनाको समययता नै केही मानिस अस्वाभाविकरूपमा धनी भएका छन्। यसको अर्थ यो पनि हो कि यस समयको कमाउने दृष्टिकोणले पनि उपयोग भएको छ। गलत तरीकाबाट उपयोग भएको छ भन्न खोजिएको होइन, तर हरेक सङ्कटलाई कतिपयले अवसरको रूपमा उपयोग वा दुरूपयोग गर्दछन् भन्ने कुरा अहिले पनि देखिएको छ।

अहिले हाम्रो देशको अवस्था कस्तो छ? समाजको अवस्था कस्तो छ? यी कुरालाई विचार गरेर हामीले हाम्रो आवश्यकता निर्धारण गर्न सकेनौं। आवश्यकतालाई जहिले पनि अरूसित तुलना गरेर हेर्ने बानी हामीमा विकसित भएको छ। अरूले जसरी गरेका छन्, त्यसरी नै आफू चल्न खोजेका छौं। हाम्रो समाजको छुट्टै विशिष्टता छ। हामी आफैं पनि विशिष्ट हौं। यस विशिष्टतामा पनि हाम्रो सामाजिक तथा राष्ट्रिय कर्तव्य हुन्छ। कर्तव्यलाई नबिर्सेर हामीले अगाडि बढ्नुपर्ने हो तर दुर्भाग्य नेपाल राष्ट्र बैंकले धेरै कुरामा अंकुश लगाउनु परिरहेको छ। हाम्रो आनीबानीमाथि नियन्त्रण गर्नु परिरहेको छ। सामान्य अवस्थामा जे नहुनुपर्ने हो, त्यो अहिले भइरहेको छ। यस अवस्थामा सामाजिक सञ्जाल, बौद्धिक समुदाय तथा सञ्चारले सही बाटो देखाउनु आवश्यक भइसकेको छ।

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**अहिले हाम्रो देशको अवस्था कस्तो छ? समाजको अवस्था कस्तो छ? यी कुरालाई विचार गरेर हामीले हाम्रो आवश्यकता निर्धारण गर्न सकेनौं। आवश्यकतालाई जहिले पनि अरूसित तुलना गरेर हेर्ने बानी हामीमा विकसित भएको छ।**

# सङ्घीय संसद्को अवस्था : नजीकिंदै सभामुख, टाढिंदै प्रतिपक्ष

काठमाडौं, ७ पुस/रासस

प्रतिनिधिसभा पुनर्स्थापित भएसँगै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको निरन्तरको अवरोधले संसद्ले गति लिन सकेको छैन। जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद्मा सांसदले जनजीविकाका विषय उठान गर्न पाएका छैनन् भने सरकारले पनि विधेयक प्रस्तुत गर्न सकिरहेको छैन। यसले जनताका सवाल ओझेलमा परेका छन्।

जनसङ्घर्षबाट प्राप्त गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रणालीलगायत महत्त्वपूर्ण उपलब्धिलाई संस्थागत गर्ने विधेयकले संसद्बाट पूर्णता पाउन नसकेको बताइएको छ। सङ्घीय संसद्को नवौं अधिवेशन पनि एमालेको अवरोधका कारण नियमित कामकारबाई प्रभावित रह्यो। यद्यपि प्रतिपक्षीको अवरोधका बीच संसद्ले केही महत्त्वपूर्ण निर्णय लिएको छ।

सङ्घीय संसद्को दशौं अधिवशेन गत मङ्सिर २८ गतेदेखि शुरू भएको छ। विधेयक अधिवेशनका रूपमा रहेको चालू अधिवेशन निर्बाधरूपमा चल्ने सङ्केत देखिएको छैन। चालू अधिवेशनको दुई बैठकमा पनि एमालेको अवरोध कायम रह्यो। अवरोधका बीच पनि संसद् कार्यसूचीमा प्रवेश गरेको छ।



तस्वीरः रासस

संसद्मा देखिएको अवरोध हटाउन सरकार र सभामुखले पहलकदमी लिए पनि त्यसले सार्थक रूप लिन सकेको छैन। संसद्को सबैभन्दा ठूलो दल एमालेले संसद्लाई प्रभावकारी बनाउन सभामुख तथा सरकारले बोलाएको सर्वदलीय बैठक बहिष्कार गरिरहेको छ।

एमालेले आफूले कारबाई गरेको १४ सांसद पदमुक्त भएको सूचना सभामुखले टाँस नगरेको जनाउँदै संसद् बैठक अवरुद्धदेखि सर्वदलीय बैठक बहिष्कार गर्दै आएको छ। एमालेले उठाउँदै आएका ती सांसदमाथि कारबाईको विषय अदालतमा विचाराधीन छ। प्रतिनिधिसभा नियमावलीले अदालतमा विचाराधीन विषयमा संसद्मा छलफल गर्न नसकिने व्यवस्था गरेको छ।

यसबीचमा सभामुख अग्निप्रसाद सापकोटाले सदनलाई सुचारु गराउन पटक–पटक प्रतिपक्षसँग आग्रह गरेका छन्। प्रत्येक संसद् बैठकमा उनले जनताको सर्वोच्च संस्थाको कामकारबाईमा अवरोध नगर्न अनुरोध गर्दै आएका छन्। प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको मङ्गलवारको बैठकमा समेत उनले प्रमुख प्रतिपक्षी दललाई जिम्मेवार भएर प्रस्तुत हुन आग्रह गरेका थिए।

बैठकमा सभामुख सापकोटाले अदालतमा विचाराधीन विषयलाई छाडेर संसद् सुचारु गर्न जोड दिएका थिए। उनले एमालेले उठाउँदै आएका विषयलाई

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# तीन दिने प्रदर्शनीको उद्घाटन

प्रस, वीरगंज, ७ पुस/


भारत सरकार, वाणिज्य एवं उद्योग मन्त्रालयको सहयोगमा कन्फेडेरेशन अफ इन्डियन इन्डस्ट्रीले काठमाडौंको भृकुटी मण्डपमा आयोजना गरेको इन्टरप्राइजेज इन्डिया–२०२२ प्रदर्शनीको भारतीय कार्यवाहक राजदूत नामग्य सी खम्पाले उद्घाटन गरेकी छन् ।



तस्वीरः सौजन्य

पुस ६ देखि ८ गतेसम्म सञ्चालन हुने तीन दिने प्रदर्शनीको उद्घाटन गर्दै कार्यवाहक राजदूत खम्पाले दुई देशबीचको व्यावसायिक सम्बन्धलाई प्रदर्शनीले मजबूत बनाउने विश्वास व्यक्त गरिन् । उनले नेपाली उद्यमीहरूसँगको अन्तर्क्रियामा बिटुबी साझेदारी रोज्न पनि आग्रह गरिन् । दुवैतर्फ उपलब्ध व्यापार, अवसरका बारेमा सचेतना जगाइ ब्रान्ड इन्डियाको प्रबन्धन एवं द्विपक्षीय व्यापार एवं लगानी अभिवृद्धि गर्ने उद्देश्यले प्रदर्शनीको आयोजना गरिएको हो । प्रदर्शनीको आयोजनाबाट संयुक्त उद्यम, प्रविधि आदानप्रदान, बजारीकरणलाई सहजीकरण गर्नुका साथै दुई देशबीचका जनताको सम्बन्धलाई मजबूत बनाउन सहायक सिद्ध हुने उनले विश्वास व्यक्त गरिन् ।

प्रदर्शनीमा भारतका विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने पचासभन्दा बढी कम्पनीको उत्पादन, सेवाहरूको प्रदर्शन गरिएको थियो । प्रदर्शनीमा नेपाली व्यवसायी र व्यापारीहरूको उत्साहजनक सहभागिता रहेको भारतीय राजदूतावासले जनाएको छ ।



मौसम खुलेसँगै उपल्लो डोल्पामा रहेको नेपालकै गहिरो र रङ फेर्ने तालको रुपमा परिचय बनाएको शे फोक्सुण्डो ताल । वारिपारि हिमालको बीचमा रहेको यो तलमा जीवित कुनै पनि प्राणी नभएको विश्वास छ । तस्वीरः रासस

# विद्यालय केन्द्रित खोप दिन शुरू

महोत्तरी, ७ पुस/रासस

महोत्तरीमा सामुदायिक विद्यालयका छात्रछात्रालाई कोभिड–१९ विरुद्धको मोडर्ना खोप दिन थालिएको छ । बुधवार जिल्लाका सात स्थानीय तहका सबै सामुदायिक विद्यालयमा १२ देखि १८ वर्ष उमेर समूहका छात्रछात्रालाई खोप दिन थालिएको स्वास्थ्य कार्यालयले जनाएको छ । विद्यालय खोप केन्द्रमा उमेर समूहभित्र पर्ने सर्वसाधारणले पनि खोप पाउनेछन् । दुई चरणमा सञ्चालन गरिने खोप अभियानको पहिलो चरणमा सात र दोस्रो चरणमा आठ स्थानीय तह समेटिएका छन् ।

आज शुरू भएको पहिलो चरणमा जिल्लाका बर्दिबास, गौशाला, भङ्गाहा, रामगोपालपुर र औरही नगरपालिका एवं सम्सी तथा सोनामा गाउँपालिकाका सामुदायिक विद्यालय खोप केन्द्र हुनेछन् । पहिलो चरणमा आजदेखि पुस ११ गतेसम्म सञ्चालन हुनेछ ।

कोभिड–१९ महाव्याधिको नयाँ भेरियन्ट 'ओमिक्रोन' देखिएसँगै यसपालि विद्यालयका छात्रछात्रालाई लक्षित गरी जिल्लाभरिमा दुई चरणमा खोप लगाउने तयारी थालिएको स्वास्थ्य कार्यालयले जनाएको हो । यसपटक मोडर्ना खोप लगाइँदै गरिएको कार्यालयका निमित्त प्रमुख भोला यादवले बताए ।

खोपको दोस्रो चरण पुस १४ देखि १८ गतेसम्म सञ्चालन गरिनेछ । यस चरणमा जिल्लाका जलेश्वर, लोहारपट्टि, मटिहानी, मनरासिस्वा र बलवा नगरपालिका एवं एकडारा, पिपरा तथा महोत्तरी गाउँपालिकासहित आठ स्थानीय तहका सामुदायिक विद्यालय खोप केन्द्र हुनेछन् ।

८५ हजार मात्रा खोप प्राप्त भएको छ, जिल्लामा १२ देखि १८ वर्ष उमेर समूहभित्रका ८० हजार ५०० जनालाई खोप दिने लक्ष्य राखिएको निमित्त कार्यालय प्रमुख यादवले बताए । दुवै चरणका खोप कार्यक्रम प्रभावकारी बनाउन आवश्यक दक्ष जनशक्ति विन्यास गरेको उनले बताए । अभियानका लागि खोप केन्द्रको निर्धारण, खोपको व्यवस्थापन, जनशक्ति विन्यास र नियमित अनुगमन सँगसँगै गरिने यादवको भनाइ छ ।

विद्यालय केन्द्रित यो अभियानमा कोही छात्रछात्रा नछुटून् भन्नेतर्फ विद्यालय प्रशासन र आम अभिभावकको चासो तथा सचेतना आवश्यक रहेको स्वास्थ्य कार्यालयको अपील छ । खोप केन्द्रमा तोकिएको उमेर समूह (१२–१८ वर्ष)का आम सर्वसाधारणले पनि खोप लिन पाउनेछन् । जिल्लाको ६५ प्रतिशत जनसङ्ख्याले यसअघि नै कोभिड–१९ विरुद्धका विभिन्न खोप लगाइसकेको कार्यालयले जनाएको छ ।

# प्रदेशको राजधानी वीरगंज नै हुनुपर्छ –प्रदेशसभा सदस्य पटेल

प्रस, वीरगंज, ७ पुस/

लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य रमेश पटेलले प्रदेश नं २ को राजधानी वीरगंज नै हुनुपर्ने अडान दोहोऱ्याएका छन् ।

प्रदेश सरकारले प्रदेशको नामाकरण र राजधानीको टुङ्गो लगाउन बोलाउन लागेको प्रदेशसभाको बैठकअघि प्रदेशसभा सदस्य पटेलले आफ्नो धारणा सार्वजनिक गर्दै वीरगंज प्रदेश नं २ को राजधानी हुनुपर्ने बताएका हुन् ।

उनले आफ्नो पार्टी लोसपाले समेत मधेस प्रदेश र राजधानी जनकपुर राख्ने तयारी गरेको भन्दै उनले सोको विरोध गरेका छन् ।

प्रदेशसभा सदस्य पटेलले प्रदेशको नाम मधेस उपयुक्त भएको तर राजधानी जनकपुर हुनुपर्ने कुरामा पार्टी चाहनाको विरोध गरेका छन् । आफू वीरगंज राजधानी हुने अडानमा शुरूदेखि लागिपरेको बताउँदै प्रदेशसभा सदस्य पटेलले यो सवालमा आफू पार्टीको निर्णयविपरीत जाने चेतावनी दिए ।

मधेस आन्दोलनको क्रममा वीरगंजको योगदान अविस्मरणीय रहेको र त्यतिखेर सबैजसो मधेसवादी दलका शीर्ष नेताहरूले प्रदेशको राजधानी वीरगंज हुने आश्वासन दिएको हुँदा वीरगंजबाहेक



प्रदेशसभा सदस्य रमेश पटेल

राजधानी बनाउने निर्णयमा आफू कुनै पनि हालतमा सहमत नहुने बताए ।

# नेपालमा थप एक जनामा 'ओमिक्रोन' भेरियन्ट पुष्टि

काठमाडौं, ७ पुस/रासस

नेपालमा थप एक जनामा कोरोना भाइरसको 'ओमिक्रोन' भेरियन्टको



तस्वीरः फाइल

सङ्क्रमण पुष्टि भएको छ । नियमित जिन सिक्वेन्सिङका क्रममा बुधवार एक जनामा ओमिक्रोन र २२ जनामा डेल्टा भेरियन्ट पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

ओमिक्रोन पुष्टि भएका ९८ वर्षीय वृद्ध आफ्नै घरमा आइसोलेसनमा रहेको मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले जानकारी दिए । यसअघि नेपालमा एक जनामा यो भेरियन्ट पुष्टि भएको थियो । गत २४ घण्टामा कूल सात हजार २३३ नमूनाको पीसीआर परीक्षण गर्दा २१७ जना सङ्क्रमित भएका पाइएको छ । चार हजार ४३ जनाको एन्टिजीन परीक्षण गर्दा १९ जनामा सङ्क्रण पुष्टि भएको पनि मन्त्रालयले जनाएको छ ।

त्यसैगरी पछिल्ला २४ घण्टामा २७२ जना सङ्क्रमणमुक्त भएका छन् । कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको मृत्यु भएको छ । चार हजार ९४८ होम आइसोलेसन र संस्थागत २३७ गरी पाँच हजार १८५ जना आइसोलेसनमा रहेका बताइएको छ ।

# मुद्दा फैसलामा ढिलाइ हुँदा काठ सड्दै

महोत्तरी, ७ पुस/रासस

न्यायिक निकायले समयमैं मुद्दाको फैसला नगर्दा बहुमूल्य काठ सड्न थालेको छ । जिल्लाका विभिन्न वनमा चोरी कटानका क्रममा वनका कर्मचारीले बरामद गरेको काठ दैनिक सड्न थालेको छ ।

मुद्दा समयमैं फैसला नहुँदा लिलामी प्रक्रियामा लैजान नसकिएको जिल्ला वन कार्यालयका रेन्जर सन्तोषकुमार यादवले जानकारी दिए ।

चोरी कटान भएका काठ बरामद गरिएपछि त्यसको प्रारम्भिक न्यायिक सुनवाइ जिल्लास्थित डिभिजन वन कार्यालय र जिल्ला अदालतमा हुने व्यवस्था छ । बरामद गरिएका दुई लाख बिगोभित्रका काठ चोरी मुद्दाको सुनुवाइ डिभिजन वन कार्यालयकै इजलास तथा त्यसभन्दा बढीको सुनवाइ जिल्ला अदालतले गर्ने कानूनी व्यवस्था छ ।

बरामद गरिएको चार हजार क्युफिट काठ डिभिजन वन कार्यालय मातहतको सशस्त्र वन सुरक्षा शाखा, माईस्थानको कार्यालय परिसरमा थन्किएको छ । चार वर्षयता बरामद गरिएको काठ सड्ने र धोद्रिने क्रममा छ ।

डिभिजन वन कार्यालयमा २०४८ सालयता १९८ वन मुद्दा (काठ चोरी निकासी) परेको डिभिजन प्रमुख विनोदकुमार सिंहले बताए । यी मुद्दा रु दुई लाख बिगोभित्रका हुन् । यसबाहेक २०० भन्दा बढी मुद्दा अदालतमा विचाराधीन अवस्थामा छन् । यस्तै, पूर्व–पश्चिम रेलमार्ग र विद्युत् प्रसारण लाइन निर्माणका लागि कटान गरिएका काठ पनि जिल्लाका विभिन्न ठाउँमा राखिएका छन् । कटान भएको काठको लिलामीका लागि वन मन्त्रालयसम्मको स्वीकृति लिनुपर्ने प्रावधान छ ।

यस क्रममा कुकाठ भने बिक्री गरिएको सिंहले बताए । हाल सड्न थालेको काठ करोडौं रुपियाँको रहेको वन कार्यालयले जनाएको छ ।

# ब्राउन सुगरसहित दुईजना पक्राउ

जनकपुरधाम, ७ पुस/रासस

सप्तरी प्रहरीले प्रतिबन्धित ब्राउन सुगरसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

भारतको जिल्ला सुपौल भीमनगर ग्राम पञ्चायत–४ का ३१ वर्षीय गोलु भन्ने रतन शर्मा र ३५ वर्षीय जयप्रकाश पासवानलाई ब्राउन सुगरसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ ।

सप्तरी प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले दुवैजनालाई सप्तरीको कञ्चनरूप नगरपालिका–२ स्थित पूर्व–पश्चिम राजमार्गबाट पक्राउ गरिएको बताए ।

दुवैजनाको साथबाट खैरो हिरोइन (ब्राउन सुगर) २२ ग्राम र भारतीय नम्बर प्लेटको मोटरसाइकल बरामद गरिएको छ । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक काफ्ले बताए ।





विभिन्न समयमा काठ चोरी तस्करीमा प्रयोग गरिएका साइकल र मोटरसाइकल क्रमशः जैतापुर वन रेञ्जपोष्ट र डिभिजन वन कार्यालय परिसरमा बरामद गरि राखिएको हो । तस्वीरः जीतलाल श्रेष्ठ

# हत्या आरोपमा पाँचजना पक्राउ

जनकपुर, ७ पुस/रासस

छिमेकीलाई छुरा प्रहार गरी हत्या गरेर फरार रहेको आरोपमा सिराहाको गोलबजार नगरपालिका–६ का पाँचजनालाई सिराहा प्रहरीले पक्राउ गरेको छ ।

सिराहाको गोलबजार नगरपालिका–६ डोहटिया निवासी २६ वर्षीय रामकुमार सदालाई छुरा प्रहार गरी हत्या गरेको र २६ वर्षीय रिकेश सदालाई घाइते बनाइ फरार भएको आरोपमा प्रहरीले पाँचजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका–६ निवासी १९ वर्षीय श्रवणकुमार मण्डल, सोही ठाउँका २० वर्षीय कालु भन्ने रोहन विश्वकर्मा, १८ वर्षीय सौकात खान, १९ वर्षीय धर्मेन्द्र यादव र गोलबजार नगरपालिका–२ निवासी २२ वर्षीय भुवनप्रसाद महतो रहेको जिल्ला प्रहरी कार्यालय, सिराहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुभाष बुढाथोकीले बताए ।

प्रदेश २ प्रहरी कार्यालय, जनकपुरधाम, जिल्ला प्रहरी कार्यालय, सिराहा र इलाका प्रहरी कार्यालय, गोलबजारको संयुक्त टोलीले विभिन्न स्थानबाट पाँचैजनालाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताए ।

गत शनिवार राति बाटोमा होहल्ला गर्दै आफ्नो घरतर्फ जाँदै गरेका रामप्रसाद सदालगायतको समूहलाई दीपक साहलगायतको समूहले किन होहल्ला गरेको, हल्ला नगरी आफ्नो घर जानु भनेपश्चात् सोही विषयमा दुवै पक्षबीच विवाद भई झगडा हुँदा उक्त घटना भएको प्रहरी नायब उपरीक्षक बुढाथोकीले बताए ।

छुरा प्रहारबाट गम्भीर घाइते भएका रामकुमार सदाको उपचारको क्रममा गोलबजारस्थित भुमिजा अस्पतालमा मृत्यु भएको थियो । रिकेश सदाको भने हाल सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# राजा–राजा–राजा

**मन्तव्य**



**कुमार रुपाखेती**

**त्रिमूर्ति टोल सुधार समितिले वीरगंजमैं टोल सफा राख्न उदाहरणीय काम गर्दै आएकोमा त्यस क्षेत्रमा सबैभन्दा बढी फोहर गर्ने भाजुरत्न शाखा, श्रीपुरले सरसफाइबापत सुधार समितिलाई दिँदै आएको आर्थिक सहयोग रोकेर चुनौती दिएको छ।**

नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र कायम रहुन्जेल राजालाई गाली गर्ने, दोष थुपार्ने काममा दलहरूले लगाम लगाएका थिए। मुलुक गणतन्त्रमा गइसकेपछि पूर्वराजाहरूलाई दोष लगाउने मामिलामा दलका शीर्ष नेताहरू छाडा भएका देखिन्छन्। प्रचण्डले एकताका ज्ञानेन्द्रलाई नागार्जुनबाट निकाल्नेसम्म भने। देउवाले राजनीति गर्ने भए पूर्वराजा ज्ञानेन्द्रलाई दल खोल्न सुझाए। राजाकै सहमा ओलीले संसद् विघटन गरेको आरोप माधव नेपालले लगाए। प्रचण्डले राजा ज्ञानेन्द्रसँग पाँच बुँदे सहमति गरेको आरोप ओलीले लगाए। ज्ञानेन्द्रसँग मिलेर प्रचण्डले आफूहरूलाई पेलेको आरोप बाबुरामले लगाए। विपक्षीलाई बदनाम गर्ने मामिलामा राजाहरूको नाम जोड्ने प्रतियोगिता नै चलेको देखिन्छ। अब त राजावादी बिल्ला भिरेको राप्रपाका कमल थापाले समेत राजालाई खेद्न थालेका छन्। 'मियाँ का दौड मस्जिद तक' अथवा 'घुमिफिरी रूम्जाटार' स्टाइलमा अचेल दलहरूको विवाद आम जनतालाई भ्रमको मायाजालमा फसाउन राजा–राजा जप्न थालिएको धेरै भयो। पानीमाथिको ओभानो बन्न दलका शीर्ष नेताहरूले यस्ता आरोपहरू राजाहरूलाई थोपारेर मूतको न्यानो खोजेको मात्र प्रतीत हुन्छ। राजाहरूलाई गाली नगरी धेरैको खाना नै नपच्दो रहेछ। एकातिर यस्तो छ भने मोहन वैद्य किरणजस्तो क्रान्तिकारीहरूले राजासँग सहकार्य गर्न सकिने फ्लाक्न थालेका छन्। विपी कोइरालाकी नातिनी मनीषा कोइरालाले अस्ति एक सभामा राजतन्त्र नै अन्तिम विकल्प भनेर व्याख्या नै गरिन्।

उता अस्ति ओलीले माधव नेपाललाई इङ्गित गर्दै दाम राखेर दर्शन भेट गर्ने भनेर छि:छि: दुर् दुर् पारामा बोले। आफ्ना सहकर्मीहरूलाई होच्याउन राजा भन्ने शब्द रामबाण नै साबित भएको छ। दर्द कि एक दवा राजा महाराजा। हजमोला बनेका छन् राजा।

अचम्मलाग्दो कुरा के छ भने दलका शीर्ष नेताहरू राजालाई तारो बनाउँछन् तर गणतन्त्रका जनता भने दल र नेताका छाला काढिरहेका देखिन्छन्। अब लाज कसलाई लाग्नुपर्ने हो राजालाई कि शीर्ष नेताहरूलाई ? म अन्योलमा छु।

अस्ति काङ्ग्रेसको महाधिवेशनमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले नेतालाई गाउँघरतिर चोर आयो भन्न थालेका छन् भन्दै उपस्थित नेताहरूको सरेआम धज्जी उडाउँदै माथा ठन्काइदिए। चोर, फटाहा, लुच्चा र अपराधीहरू नै नेता बन्छन् भन्ने सन्देश आम जनतामा जान थालेको धेरै भयो।

भन्नेहरू त भन्छन्– धोएर गधा गाई बन्दैन रे। भगवान्ले नै जानून् यो उखान टुक्कामा कति सत्यता छ। ओलीलाई उखान टुक्काको उस्ताद भनिन्छ। यसको जवाफ शायद उस्तादसँग होला। एक जमाना यस्तो थियो कि राजासँग नाम जोडिंदा सान बढ्थ्यो, अचेल त अपमान गर्न राजासँग लगनगाँठो बाँधिदिन्छन्। 'हिङ लगे न फिटकिरी माल चोखा' भनेको यही हो। एकपटक इजरायलका एक नेता भारत आउँदा भारतीय नेताहरूले सानशौकत र रवाफ देखेर सोधेछन् तपाईंहरूको पेशा के हो ? भारतीय नेताहरूले एकै स्वरमा आफ्नो पेशा राजनीति मात्र हो भनेको सुनेर इजरायली नेता अचम्म परेछन् र भन्यो हाम्रोमा राजनीति गरेर खान पुग्दैन मेरो पेशा खेती किसानी हो। छिमेकी विशाल राष्ट्र भारतको असर हामीमा पर्ने नै भयो। अङ्ग्रेजले भारत त्यागेको सात दशकभन्दा बढी भएपनि अझै पनि त्यहाँका शासकहरूले गोरा भन्दै अङ्ग्रेजको चमडी उधेडी रहन्छन्। हाम्रोमा त गणतन्त्र आएको दुई दशक पनि भएको छैन, अनि बिचरा पूर्वराजपरिवारले गणतन्त्रवादी शीर्षहरूको हप्कीदप्की सुन्नु कुन नौलो कुरा हो। तर पूर्वराजपरिवारलाई धन्यवाद दिनैपर्छ किनकि धुस्रे, फुस्रे नेताहरूको आरोप उनीहरूले एक कानले सुन्छन् र अर्को कानले उडाइदिन्छन्।

'राजा नाम जपना पराया माल अपना' भन्ने उखान नै छ। एक जमानामा राजाको अगाडि र पछाडि नबस्नु भन्थे। अचेल त राजा भिजेको बिरालो र अगाडि–पछाडि मडारिने शेर भएका छन्। खै शेरहरूले कहिले सवा शेर भेट्ने हुन्। मदन भण्डारी आफ्नो राजनीति चम्काउन एकपटक टुँडिखेलको सभामा 'सरकार नाकमुख नखुम्चाइ बक्स्योस्, राजनीति गर्ने भए श्रीपेच फुकालेर आइबक्स्योस्' भनेका थिए। शायद अहिलेका नेताहरूले पनि आफ्नो 'डुब्ती नैया पार लगाउन' राजा गुहारेका हुन् भन्ने भान पर्न थालेको छ। बडबोले राजा ज्ञानेन्द्र अचेल शान्त छन्, जमानामा त उनले पनि नेताहरूलाई थर्काउँदै– म दाइजस्तो टुलुटुलु हेरेर बस्ने मान्छे होइन भन्दै इँटको जवाफ पत्थरले दिएका थिए।

भन्न खोजिएको के हो भने मुलुक र जनताको हित गर्ने म्यान्डेट पाएका नेताहरूलाई राजाबाट कुनै अवरोध नै छैन। राजाहरू त टुलुटुलु हेर्न बाध्य छन्। श्रीपेच उचालिसकिएको छ अनि मुलुक र जनताको हित छोडी किन राजा र दरबारसँग शीर्ष नेताहरू पौंठेजोरी खेल्दैछन्। देश र जनताको हित गर्न नसक्नेहरूलाई दलका बहुचर्चित महाधिवेशनबाट किन पाखा लगाउन सकिएन। कुम्लो बोकी ठिमीतिर लाग्ने नेताहरूबाट अरूको बदख्वाइँबाहेक अर्थोक के आशा गर्ने ?

अब हेर्नुस् न दलहरू महाधिवेशनतिर व्यस्त भए अनि डाक्टर एशोसिएशनको निर्णय भन्दै प्राइभेट क्लिनिक चलाउने डाक्टरहरूले आफ्नो फी पाँच सयबाट बढाएर आठ सय गरिदिए। कोही चुइँक्क बोल्नेवाला छैन। त्रिमूर्ति टोल सुधार समितिले वीरगंजमैं टोल सफा राख्न उदाहरणीय काम गर्दै आएकोमा त्यस क्षेत्रमा सबैभन्दा बढी फोहर गर्ने भाजुरत्न शाखा, श्रीपुरले सरसफाइबापत सुधार समितिलाई दिँदै आएको आर्थिक सहयोग रोकेर चुनौती दिएको छ। सबै तैं चुप मै चुप छन्। यस्तो कार्यमा पनि राजालाई नै दोष दिने हो कि। किनकि कुनै बखत भाजुरत्नका मालिक राजाका मन्त्री थिए।

अरूलाई दोष थुपारेर आफू चोखिने दिवा सपनाबाट जाग्न दलहरूले अबेर गरिसकेका छन्। आफ्नो आङको भैंसी नदेख्नेहरूको यस्तै रवैया रहिरहने हो भने मनीषा कोइरालाले भनेझैं राजतन्त्र नै जनताको रोजाइमा पर्ने र राजतन्त्र नै अन्तिम विकल्प बन्ने कुरालाई किमार्थ नकार्न सकिंदैन।

पूर्वराजा र राजतन्त्रका कनीकुथी विरोध गर्नु अबका दिनमा काग कराउँदै छ पिना सुक्दैछ जस्तै हो। गणतन्त्र र राजतन्त्रलाई त अब हामी जस्ताले हात्ती बलियो कि हात्ती छाप चप्पल बलियो भन्ने अवस्था आइसकेको छ। 'डुबतेका तिनका सहारा' र नेपालका लागि राजतन्त्र उस्तै उस्तै हो कि क्या हो।

बकमफुसे आरोप लगाउन र आल्तुफाल्तु कुरा गर्न गणतन्त्र नेपालका शीर्ष नेता भनाउँदा खली छन्। एकअर्काको मानमर्दन गर्न यिनले पूर्वराजाको नाम जपिरहने र सहयोग लिइरहेको देखिन्छ। तर पूर्वराजाले कहिले आफ्नो नाम न यिनीहरूसँग जोड्न चाहेका छन्, न त सहयोग याचना गरेको देखिन्छ। भनेपछि यिनलाई नै अझै राजाको दर्कार छ। राजाको यिनीहरूसँग कुनै सरोकार छैन। सधैं राजा र राजतन्त्रको जपना गर्नेहरूले नै त कतै राजतन्त्र स्थापना गर्ने त होइनन् भन्ने भ्रम पनि सिर्जना भएको छ। राजा भोज र गङ्गु तेलीको कथा त हामीले बचपनमा पढेका थियौं, गणतन्त्र नेपालमा अहिले यो उमेरमा पूर्वराजा र शीर्ष नेताहरूको नालीबेली पढ्न पाउँदा पनि निकै रमाइलो लागेको छ। शीर्ष भनाउँदाहरूको भालु पुराण सुनेर दिक्क मान्ने पनि थुप्रै छन्।

जनता समाजवादी पार्टीका उपेन्द्र यादवले त राजाहरूले २४० वर्ष राज्य गरेको कुरा कण्ठ पारेर घोकेका रहेछन्। त्यसैले होला यो पार्टीका शीर्ष भनाउँदाहरू समेत अचेल नबिराइ ज्ञानेन्द्रको बारेमा महन्थ ठाकुर र केपी शर्मा ओलीबारे तराई नजाने के के फतफताइ रहन्छन्। त्यसैले म भन्छु अब 'राजा आउ, देश बचाउ'को सट्टा 'राजा आउ, शीर्ष नेता बचाउ'को अभियान थालौं। अस्तु।

---

## सङ्घीय.........

संसद्मार्फत जनतामा राख्न पनि आग्रह गरेका थिए। जनप्रतिनिधिको सर्वोच्च संस्थाका रूपमा रहेको संसद्मा जनताको जनजीविकालगायत विषयमा विभिन्न पक्षबाट उठ्नुपर्ने आवाज मुखरित हुनबाट नरोक्न सभामुखले बारम्बार आग्रह गरेका थिए।

परामर्श बैठकमा उनले नागरिकता विधेयक, सङ्घीय निजामतीलगायत महत्त्वपूर्ण विधेयक संसद्बाट पास नहुँदा जनताले भोग्नुपरेका समस्याका बारेमा पनि प्रतिपक्षी दलको ध्यानाकर्षण गराएका थिए। सार्वजनिक महत्त्व बोकेका विधेयक प्रक्रियामा जान नसक्दा आम नागरिक मौलिक हकबाट प्रभावित बनेका छन्।

नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक देवप्रसाद गुरुङ सङ्घीय संसद्को सबैभन्दा ठूलो दल एमालेले आफूलाई जिम्मेवारीका साथ प्रस्तुत गर्नुपर्ने अवस्थामा संसद्लाई बन्धक बनाउँदा अहिलेको प्रणालीमाथि एमालेको दृष्टिकोण के हो भन्ने प्रश्न उठेको बताउँछन्। उनले एमालेले संसद् अवरुद्ध गर्दै लगातार उठाएको विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको र सो विषयलाई उठाएर टुङ्गोमा पुग्न नसकिने अवस्था हुँदाहुँदै पनि बैठक अवरोध गरेको टिप्पणी गरे।

उनले भने, "सदन सञ्चालन गर्ने सत्तापक्ष र प्रतिपक्षी दुवै मिलेर हो। सदन अवरुद्ध गर्दै जाँदा यो प्रणाली नै धरापमा पर्छ। यो प्रणालीप्रति एमालेको दृष्टिकोण के हो भन्ने प्रश्न उठेको छ।"

अघिल्ला अधिवशेनमा सभामुखले कार्यव्यवस्था परामर्श समितिको बैठक नराखेको जनाउँदै आलोचना गर्ने एमालेले पछिल्ला दिनमा बैठकमा सक्रिय सहभागिता जनाउन छाडेको छ। कार्यव्यवस्थाको पछिल्ला दुई दिनको बैठकमा एमालेका प्रतिनिधि आफ्ना विषय राखेर निस्केका थिए। एमालेका प्रमुख सचेतक विशाल भट्टराईले सदन नियमित चलेका बेला सभामुखले कार्यव्यवस्था बैठक नराखेको र अहिलेको बैठकमा आफूहरू आफ्ना कुरा राखेर बाहिरिएको बताए।

गत मङ्सिर २८ गते पनि सभामुखले कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाएका थिए। सो बैठकमा पनि एमालेका प्रतिनिधिले आफ्ना कुरा राखेर बाहिरिएका थिए। मङ्गलवार पनि सभामुखले बिहान ११:३० बजे नयाँ बानेश्वरमा परमर्श समितिको बैठक राखेका थिए। सो बैठकमा पनि एमाले प्रतिनिधिले आफ्ना कुरा राखेर बाहिरिए। "जुन बेला कार्यव्यवस्थाको बैठक बस्न पर्थ्यो, चाहिन्थ्यो, हामी बैठकमा जान्थ्यौं, त्यो बेला बैठक राख्नुभएन, अहिले जुन बेला एमालेसँग विवाद भएपछि बैठक राख्नुभएको छ, कार्यव्यवस्थामा हामीले आफ्ना कुरा राख्दै हिंड्दै गरेका हौं," सचेतक भट्टराईले भने।

कार्यव्यवस्थामा प्रमुख प्रतिपक्षी दलका प्रतिनिधिको बेवास्ता हुँदै आएपछि मङ्गलवारको बैठकमा भने सभामुखले शुरूमैं आफ्नो धारणा राखेका थिए। सुरुआती मन्तव्यमा सभामुखले बैठकमा सक्रियताका साथ सहभागी हुन र संसद्मा सहभागी अन्य राजनीतिक दलका प्रमुख सचेतकका कुरा सुन्न आग्रह गरेका थिए। मङ्गलवारको बैठकमा नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र) लगायत अन्य दलका प्रमुख सचेतकले एमालेलाई प्रजातान्त्रिक मूल्य मान्यता र आदर्श देखाउन आग्रह गरेका थिए।

प्रमुख सचेतक भट्टराई संसद्मा जारी गत्यावरोध हटाउन सभामुख र सत्तारूढ दलले एमालेको शीर्ष नेतृत्वसँग छलफल गरेर समाधान खोज्न प्रयास गर्नुपर्ने बताउँछन्। सभामुखले एमालेले गरेको १४ सांसद पदमुक्त भएको सूचना टाँस गरे सदनको अवरोध खुल्ने उनले बताए।

संसद्को कामकारबाईलाई प्रभावित बनाउन सभामुख सापकोटाले बुधवार बिहान ११:३० बजे पनि कार्यव्यवस्था परामर्शको बैठक बोलाएका थिए। आजको बैठकमा संसद्को गत्यावरोध अन्त्यलगायत विभिन्न समितिका सदस्यको नाम हेरफेरको विषयमा छलफल हुने बताइएको छ।

### प्रतिनिधिसभामा आज पनि प्रमुख प्रतिपक्षको विरोध

सङ्घीय संसद्को दशौं अधिवेशन अन्तर्गत प्रतिनिधिसभाको आजको बैठक पनि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले अवरुद्ध गरेको छ।

बैठक शुरू भएलगत्तै एमालेका सांसदले बेल घेराउ र नाराबाजी गरेपछि सभामुख अग्निप्रसाद सापकोटाले जनताको आवाज मुखरित हुने संसद्मा जनताका प्रतिनिधिको आवाज थुन्ने अवस्था आएको भन्दै यसले जनतामा निराशा उत्पन्न हुने बताए। उनले आफ्ना कुरा सुन्ने र अरूका कुरा पनि सुन्ने प्रक्रियामा सहयोग गर्न एमालेका सांसदलाई पटक–पटक आग्रह गरे।

उनले संसदीय व्यवस्था सिद्धान्त मात्र नभएर समन्वयात्मक अभ्यास पनि भएकाले परिस्थिति र अवस्था सधैं नहुने हुँदा सरकारलाई काम गर्न दिन र संसद् सञ्चालनमा सघाउन सांसदलाई पुनर्ध्यानाकर्षण गराए।

जनप्रतिनिधिको सर्वोच्च निकाय संसद् एवं सदस्यले स्वीकृत विधि र नियम पालनामा सांसद सचेत हुनुपर्ने भएकाले प्रक्रियाभित्र रहेर असहमति राख्न उनले आग्रह गरेका थिए। सभामुखले बैठक सञ्चालनका लागि प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ६ को उपनियम २ बमोजिम पटक–पटक आग्रह गर्दै सर्वोच्च अदालतमा विचाराधीन विषयमा संसद्मा छलफल गर्न नपाइएको संवैधानिक व्यवस्थाबारे पनि ध्यानाकर्षण गराए।

गत साउन १ गते एमालेका तत्कालीन नेता माधवकुमार नेपालसहित १४ सांसदलाई कारबाईका लागि सिफारिश गरिएकामा त्यसको सुनुवाइ नगरेर पार्टी विभाजन गराउने कार्यमा सभामुखबाट सहयोग गरिएको आरोप एमालेले लगाउँदै आएको छ।

---

## फरक समाचार

# चोरले प्रहरीलाई चुनौती दिए

भारतको बाँका जिल्लामा एकजना चोरले आफूलाई समात्ने प्रहरीलाई एक लाख नगद पुरस्कार दिने भन्दै चुनौती दिएका छन्। अज्ञात चोरहरूले चोरी गर्ने



क्रममा भित्तामा लेखेर यस्तो चुनौती दिएका हुन्।

सोमवार राति प्रखण्ड परिसरस्थित सोनडिहा दक्षिणी पञ्चायत सरकार भवनमा चोरहरू पसेका थिए। चोरहरूले सो कार्यालयका कागजातहरू अस्तव्यस्त गर्नुका साथै प्राविधिक सामानहरू तोडफोड गरेका थिए। त्यसपछि चोरहरूले भित्तामा चुनौती लेखे– यदि मलाई समात्न सक्छौं भने पुरस्कारको रूपमा एक लाख पाउँछौं। चोरहरूको यस प्रकारको क्रियाकलाप देखेर स्थानीयहरू दङ्ग छन्। यद्यपि चोरहरूले सो कार्यालयबाट केही सामान चोरेर लगेनन्। भवनको माथिल्लो तलामा रहेको सर्भे कार्यालयमा पनि चोरहरूले ताला तोडेर कागजात र सामानहरू अस्तव्यस्त गरेका थिए।

त्यस्तै, तीन दिन पहिले चोरहरूले मनरेगा कार्यालयमा पसेर कम्प्युटर र कागजातहरू तहसनहस गरेका थिए। स्थानीयका अनुसार चोरहरूले यी सबै षड्यन्त्र गरिरहेको बताएका छन्। अञ्चलाधिकारी राजेशकुमार र थानाध्यक्ष शङ्करदयाल प्रभाकर घटनास्थलमा पुगेर निरीक्षण गर्दै चाँडै चोरहरूलाई पक्राउ गर्ने बताएका छन्।

# महीनावारीको पीडाबाट छुटकारा हुने उपाय

महीनावारीको समयमा युवतीहरूको व्यवहार बदलिन्छ, पेटलगायत सम्पूर्ण शरीर र खुट्टामा तीव्र पीडा हुन्छ। कहिलेकाहीं यो दुखाइ रिस बनेर बाहिर निस्किन्छ।

चिकित्सकले पनि अहिलेसम्म यो पत्ता लगाउन सकेका छैनन् कि महीनावारीको समयमा कसैलाई निकै पीडा हुन्छ भने कसैलाई पीडा हुँदैन। पीडा यति असहनीय



हुन्छ कि कहिलेकाहीं औषधि पनि खानुपर्छ। तर केही घरेलु उपाय छ, जसलाई अपनाउँदा पीडा कम हुन्छ।

महीनावारी भएको बेलामा बढी पानी पिउनुपर्छ। पानी मनतातो हुनुपर्छ। किनभने चीसो पानी पिउँदा दुखाइ झनै बढ्छ। तातोपानीको बोतल वा हिटिङ प्याडले पीडामा निकै राहत पुर्‍याउँछ। यदि तपाईंले पेनकिलर खाइरहनुभएको छ भने साथमा हिटिङ ब्याग र तातो पानीको बोतल राख्नुपर्छ।

महीनावारी भएको बेला खानामा म्याग्निशियम बढाउनुपर्छ। जस्तै पालकको साग, बदाम, दूध, दही जस्ता वस्तु सेवन गर्नुपर्छ। महीनावारीको बेला धेरै युवतीले व्यायाम गर्न छाड्छन्। जबकि व्यायाम गर्दा तनावबाट राहत पाइन्छ। महीनावारीको समयमा यदि थकान हुन्छ भने चकलेट खानुपर्छ। चकलेटले मनलाई शान्त बनाउँछ र व्यवहार राम्रो बनाउँछ। महीनावारी भएको बेला रमाइलो कुराकानी गर्नुपर्छ र तनाव लिनुहुँदैन।

# जाडोमा अम्बाको फाइदा

माइक्रोबायोटिक पोषण विशेष र फिटनेश हेल्थ प्राक्टिशनर शिल्पा अरोडाका अनुसार जाडोमा अम्बा सेवनबाट निकै फाइदा पुग्छ। अम्बामा कम ग्लाइसेमिक इन्डेक्स (जिआई) हुन्छ, जसले ब्लड सुगरको स्तरलाई सन्तुलन गर्छ। यसको अलावा यो हार्मोनल सन्तुलन र हृदयलाई स्वस्थ बनाइराख्न मदत गर्छ।



अम्बामा भिटामिन सी, लाइकोपिन र एन्टिअक्सिडेन्ट हुन्छ, जसले मान्छेलाई जवान र छाला कोमल बनाइराख्न मदत गर्छ। यसको अलावा अम्बा पानीले भरपूर फल हो, जसले छालाको जल सन्तुलनलाई बनाइराख्छ। अम्बाले इम्युनिटी बढाउन मदत गर्छ। अम्बामा एन्टि–एजिङ गुण हुन्छ। मधुमेहका रोगीको लागि अम्बा एउटा आदर्श फल हो। अम्बाले हृदय स्वास्थ्यलाई पनि बढाउन मदत गर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा ओमिक्रोनबाट २१३ जना सङ्क्रमित

नयाँ दिल्ली, ७ पुस/एएनआई

कोरोना भाइरसको नयाँ भेरियन्टको रूपमा देखिएको ओमिक्रोनबाट भारतमा २१३ जना सङ्क्रमित भएका छन् । ओमिक्रोनबाट सङ्क्रमित भएकाहरू दैनिकरूपमा थपिँदै गएर अहिलेसम्म २१३ पुगेको अधिकारीहरूले बुधवार जानकारी दिएका छन् ।

तीमध्ये सबैभन्दा धेरै दिल्लीमा रहेका छन् । दिल्लीमा मात्रै ५७ जना ओमिक्रोनबाट सङ्क्रमित भएका छन् ।

दिल्लीपछि धेरै महाराष्ट्रमा ५४ जना र तेलङ्गानामा २४ जना सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन् । उनीहरूका अनुसार पछिल्लो एक दिनमा कोरोना भाइरसबाट छ हजार ३१७ जना सङ्क्रमित भएका छन् । त्यसैगरी, अरू ३१८ जनाको कोरोना भाइरसकै कारण मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । देशभरि अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या ७८ हजार १९० पुगेको छ । यो सङ्ख्या ५७५ दिनपछिकै सबैभन्दा कम हो । रासस



पत्रकार सम्मेलनमा कोरोना सङ्क्रमणको अवस्थाबारे जानकारी गराउँदै भारतीय स्वास्थ्य मन्त्रालयका कर्मचारीहरू । तस्वीरः फाइल

## तालिवानद्वारा विज्ञापनमा महिलाको फोटो प्रयोगमा प्रतिबन्ध

काबुल, ७ पुस/एएनआई

अफगानिस्तानको तालिबान समूहले काबुल शहरका पसलहरूको साइनबोर्डमा महिलाको फोटोको प्रयोगमा प्रतिबन्ध लगाएको छ ।

तालिबानको उक्त निर्णयले अन्तर्राष्ट्रिय समुदायमा उसको छविलाई थप चिढ्याउन सक्ने कदमका रूपमा अधिकारकर्मीहरूले व्याख्या गरेका छन् ।

काबुलका पसल तथा व्यापारिक केन्द्रका साइनबोर्डहरूमा महिलाहरूका सबै फोटो हटाउन सरकारले नगरपालिकाका अधिकारीहरूलाई आदेश दिएको टोलो न्यूजले काबुल नगरपालिकाका प्रवक्ता नेमतुल्लाह बाराक्जाईलाई उद्धृत गरी लेखेको छ ।

सरकारको निर्णयको आधारमा इस्लामी नियमको विरुद्धमा रहेका फोटोहरू विज्ञापन पाटीबाट हटाइने बाराक्जाईले बताएको समाचारमा उल्लेख गरिएको छ ।

काबुलमा सौन्दर्य सैलुनका मालिकहरूले इस्लामिक इमिरेटको निर्णयको आलोचना गरे र सरकारलाई उनीहरूको व्यवसायमा प्रतिबन्ध नलगाउन पनि आग्रह गरेको टोलो न्यूजले समाचारमा लेखेको छ ।

सात वर्षदेखि ब्यूटी सैलुनमा काम गरी आफ्नो १० सदस्यीय परिवारलाई आर्थिक सहयोग गरिरहेको र सरकारको निर्णयले आफूलाई आर्थिक तथा व्यावसायिक सङ्कट पर्ने काबुलकी सौन्दर्य व्यवसायी शायस्ता सैफीले बताइन् ।

उनले भनिन्, "निर्णयले महिलाहरूको व्यवसायमाथि नै प्रतिबन्ध र नियन्त्रण गर्नेछ । आगामी केही दिनहरूमा तिनीहरूले हाम्रो पसलमा ताला लगाइदिनेछन् भन्ने त्रास बढेको छ ।"

महिला अधिकारकर्मी परवानाले सरकारको निर्णयको विरोध गर्दै प्रतिप्रश्न गरिन्, "महिलाको फोटो हटाइ सरकारलाई के फाइदा हुन्छ ? यो महिलालाई सामाजिक उत्तरदायित्वबाट पछि पार्ने कामबाहेक केही होइन ।"




अन्तर्राष्ट्रिय सङ्गठनहरूले तालिबानलाई महिलाहरूको अधिकारको उपेक्षा नगर्न र समाजबाट महिलालाई सीमान्त नबनाउन बारम्बार आह्वान गर्दै आएका छन् भने तालिबानले पनि आफ्नो पहिलेको शासनकालमा जस्तो कडा प्रस्तुत नहुने र आफ्ना शुभचिन्तक तथा विपक्षी सबैलाई विश्वासमा लिएर अघि बढ्ने प्रतिबद्धता प्रकट गर्दै आएको छ ।

यद्यपि तालिबान सरकारको भनाइ र कार्यशैलीमा भने भिन्नता रहने गरेको अधिकारकर्मीहरूले बताउँदै आएका छन् । उनीहरूले तालिबान समूहले आफ्नै प्रतिबद्धतालाई उल्लङ्घन गर्ने गरेको आरोप लगाएका छन् । रासस

## रूसी राष्ट्रपति पुटिन र फ्रान्सेली राष्ट्रपति म्याक्रोनबीच फोनवार्ता

मस्को, ७ पुस/सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र फ्रान्सेली राष्ट्रपति इमानुयल म्याक्रोनबीच मङ्गलवार फोनवार्ता भएको समाचारमा जनाइएको छ । उनीहरूबीच मङ्गलवार फोनमा कुराकानी भएको क्रेमलिनले जानकारी दिएको हो । यसअघि पनि उनीहरूबीच गत हप्ता मात्र कुराकानी भएको थियो । मङ्गलवार भएको सो फोनवार्तामा खासगरी उनीहरूबीच युरोपेली युनियन र बेलारूसबीचको आप्रवासी विवादका विषयमा कुराकानी भएको बताइएको छ ।


रूसी राष्ट्रपति पुटिन र फ्रान्सेली राष्ट्रपति इमानुयल म्याक्रोन । तस्वीरः सिन्हवा

त्यसक्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फ्रान्सेली राष्ट्रपति म्याक्रोनसँग त्यहाँको विवाद समाधान शान्तिवार्ताबाट गर्नुपर्नेमा जोड दिएका थिए । कुराकानीमा युक्रेनबारे पनि छलफल भएको थियो । युक्रेनको पछिल्लो अवस्थाबारे पुटिनले म्याक्रोनलाई जानकारी गराएको क्रेमलिनले जानकारी दिएको छ । क्रेमलिनले मङ्गलवार जारी गरेको विज्ञप्ति अनुसार उनीहरूका बीचमा नेटोका विषयमा पनि कुराकानी भएको बताइएको छ ।

दुई देशका राष्ट्रप्रमुखबीच हालैका दिनमा विश्वमा कोभिड–१९ ले पारेको प्रभावबारे पनि कुराकानी भएको र उनीहरू यो महामारी नियन्त्रणका लागि संयुक्तरूपमा मिलेर लड्नेबारेमा सहमति भएको जनाइएको छ । रासस

बालबालिकालाई कुटपिट होइन
माया गरौं

वीरगंज महानगरपालिका

## चार महिनामा १५० मेगावाटको विद्युत लोड स्वीकृति, २१० मेगावाटको जिआइएस हुँदै

काठमाडौं, ७ पुस/रासस

सरकारको सकारात्मक प्रयास र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको दौडाहाका कारण देशभित्रै थप १५० मेगावाट बराबरको बिजुली खपत हुने वातावरण सिर्जना भएको छ । प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार चालू आवको पहिलो चार महीनामा १० वटा उद्योगलाई विद्युत आपूर्तिका लागि करीब १५०.५ मेगावाटको लोड स्वीकृत गरिएको छ ।




सातवटा उद्योगलाई करीब १११ मेगावाट क्षमता बराबरको विद्युत् उपलब्ध गराउन ग्रिड प्रभाव अध्ययन गरिएको छ । यस्तै, पाँचवटा उद्योगले माग गरेका करीब ९८.८ मेगावाट जिआइएसको प्रक्रियामा रहेको छ । लोड स्वीकृत, जिआइएस सम्पन्न र प्रक्रियामा रहेको मागका आधारमा उद्योगमा थप करीब ३६० मेगावाट विद्युत् खपत हुने देखिएको छ । थप विद्युत्को माग गर्नेमा अधिकांश स्टील र सिमेन्ट उद्योग छन् । थप बिजुली उपलब्ध गराउन माग गर्नुको पछाडि उत्पादनको वृद्धिका साथसाथै रोजगारका थप अवसरसमेत उपलब्ध हुने अवस्था सिर्जना भएको छ ।

प्राधिकरणका अनुसार यसबीचमा आरती स्ट्रिप्स लिमिटेडलाई आठ मेगावाट, स्वस्तिक रोलिङ मिल्स प्रालिलाई १२ मेगावाट, हुलास वायर इन्ड्रस्ट्रिज प्रालिलाई तीन मेगावाट, अशोक स्टील्स प्रालिलाई १० मेगावाट, नारायणी इस्पातलाई ६.५, नारायणी स्ट्रिप्सलाई नौ मेगावाट, मारुती सिमेन्टलाई दुई मेगावाट, हुवासिन सिमेन्ट नारायणी प्रालिलाई २५ मेगावाट, देउराली जनता फर्मास्युटिकललाई दुई मेगावाट, माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनालाई आठ मेगावाट, होङ्शी सिमेन्टलाई ६० मेगावाट र अर्घाखाँची सिमेन्टलाई पाँच मेगावाट गरी कुल १५०.५ मेगावाट बराबरको थप बिजुलीको लोड स्वीकृत गरिएको छ ।

जिआइएस सम्पन्न उद्योगमा मारुती सिमेन्टले १२.५ मेगावाट, हुलास वायर इनड्रस्ट्रिजले १५ मेगावाट, स्वस्तिक रोलिङ मिल्सले छ मेगावाट, जगदम्बा इन्टरप्राइजेजले २८.२ मेगावाट, अम्बे स्टील्सले आठ मेगावाट, नारायणी स्पातले १० मेगावाट, प्रिमियर स्टीलले ३२ मेगावाट स्वीकृत गराएका छन् । ती उद्योगले कुल १११.७ मेगावाट बराबरको बिजुली खपत गर्नेछन् । त्यस्तै, जिआइएस प्रक्रियाका उद्योगमा सर्वोत्तम स्टील्स प्रालिले २५ मेगावाट, लक्ष्मी स्टील प्रालिले २५ मेगावाट, लक्ष्मी स्टील प्रालिले २५ मेगावाट, गोयल स्पातले १३ मेगावाट, घोराही सिमेन्ट इन्ड्रस्ट्रिजले ३० मेगावाट र जगदम्बा इन्टरप्राइजेजले १५.८ मेगावाट बराबर विद्युत् लिएका छन् । ती उद्योगले कुल ९८.८ मेगावाट बराबरको बिजुली खपत गर्नेछन् ।

जिआइएसमार्फत लोड स्वीकृत गर्नुभन्दा पहिला उद्योग क्षेत्रमा रहेका प्रसारण तथा प्रणाली सञ्जालको क्षमताले मागबमोजिम विद्युत् उपलब्ध गराउन सकिने/नसकिने अवस्थाको निर्क्योल गरिन्छ । जिआइएस सकिएपछि लोड दिन सक्ने अवस्था भएमा प्राधिकरण र सम्बन्धित उद्योगबीच ग्रिड कनेक्शन सम्झौता गरी लोड दिइन्छ । आन्तरिकरूपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीति अनुसार प्राधिकरणले नयाँ तथा थप लोडका लागि आवेदन माग गरेको छ । लोड माग गर्ने ग्राहकलाई यथाशीघ्र लोड स्वीकृत गरी विद्युत् सेवा उपलब्ध गराउन समयसीमासहितको प्रक्रिया निर्धारण गरिएको छ । ठूलो परिमाणमा विद्युत् माग गर्ने ग्राहकलाई ११, ३३, ६६ र १३२ केभी प्रसारण लाइनबाट लोड लिनका लागि नियम अनुसार गर्नुपर्ने जिआइएसलाई व्यवस्थित र शीघ्र गर्न समयसीमा सहितको प्रक्रिया लागू गरिएको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले लोड स्वीकृति भएका उद्योगमध्ये केहीले विद्युत् आपूर्ति लिएको र केही लिने प्रक्रियामा रहेको जानकारी दिए । अहिलेको माग देशमा उत्पादित विद्युत् यहीभित्र खपत गर्न उत्साहजनक रहेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे । "औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ, लोड स्वीकृति भएका उद्योगलाई प्रसारण तथा वितरण प्रणालीले धानेसम्म तत्कालै विद्युत् उपलब्ध गराएका छौं । केहीले लोड स्वीकृत गराएर आफ्ना संरचना बनाइरहेका छन्, त्यस्ता उद्योग सञ्चालनमा आउनु पहिले नै विद्युत् दिने गरी लाइन तथा सबस्टेशनको विस्तार र सुदृढीकरण गरिरहेका छौं," घिसिङले भने ।

"आफैंले प्रमुख औद्योगिक कोरिडोरमा सञ्चालित उद्योगको भ्रमण गरी त्यहाँको विद्युत् आपूर्तिको अवस्था र आगामी दिनमा चाहिने लोडको

(बाँकी अन्तिम पातामा)


# Vacancy Announcement

**Post: Ophthalmic Assistant**
**Required Nos:** 1
**Job Type:** 6 Month Contract possibilities to extension
**Level:** Non Officer 1 (level 8)
**Job Location:** Birganj
**Qualification:** Seeking Nepali candidate who passedPCL in Ophthalmic Science from recognized institution & registered in Nepal Health Professional Council. Basic computer knowledge is required.
**Experienced will be preferred.**

**Post: Optical Assistant**
**Required Nos:** 1
**Job Type:** 6 Month Contract possibilities to extension
**Level:**Non Officer 3 (level 4)
**Job Location:** Kolhabi
**Qualification:** Seeking Nepali candidate who passedSLC/SEE or Optical dispensing training from recognized institution. Basic computer knowledge is required.
**Home near Kolhabiwill be preferred.**

**Post: Laboratory Assistant**
**Required Nos:** 1
**Job Type:** 6 Month Contract possibilities to extension
**Level:** Non Officer 3 (level 4)
**Job Location:** Birganj
**Qualification:** Seeking Nepali candidate who passed **CMLT** from recognized institution. Basic computer knowledge is required.
**Experienced will be preferred**

**Post: EHW (Reach Project)**
**Required Nos:** 1
**Job Type:** for project period
**Level:** Non Officer 2 (level 6)
**Job Location:**Parsa district
**Qualification:** Seeking Nepali candidate who passed **ANM** from recognized institution & registered in Nepal Nursing Council. Basic computer knowledge is required.

Qualified candidate should apply along with Covering letter, CV, and copy of all certificates within 10 days of vacancy published in administration department of R. M. Kedia Eye Hospital from 9.00 am to 4 pm. Candidate can also apply through **E-mail: vacancy@kediaeyes.org**
**Salaries & Other benefits:** According to NNJS Rules.
**Selection Criteria:** Written & Interview
**Note: All rights reserved with hospital management committee regarding this vacancy**

Recruitment Committee
Nepal Netra Jyoti Sangh
RamkumarMahabir Prasad
**Kedia Eye Hospital**
Parwanipur-4, Bara
**Telephone Enquiry could not be entertained**


## आजको राशिफल

| | |
|---|---|
| मेष – भयचिन्ता | वृष – राज्यलाभ |
| मिथुन – धनखति | कर्कट – खर्चवृद्धि |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – राज्यभय | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – अलमल |
| कुम्भ – चोरभय | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



दुई वर्षयता बाराको अतिक्रमित वन क्षेत्रमध्ये ४४६.१६ हेक्टर वन क्षेत्र फिर्ता ल्याइ वृक्षारोपण गरिएपछि हुर्केको बिरुवा । तस्वीरः जीतलाल श्रेष्ठ

# फोनिज पर्साको तेस्रो जिल्ला अधिवेशन




तस्वीरः प्रतीक

प्रस, वीरगंज, ७ पुस/

नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (फोनिज) पर्साको बुधवार वीरगंजमा तेस्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ।

जिल्ला अधिवेशनको आज प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले उद्घाटन गरेका थिए । शाखाका कार्यवाहक अध्यक्ष अजित भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका प्रदेश महासचिव श्याम बन्जारा, डा दीपक शाक्य, फोनिजका नीरज पिठाकोठे मगर, सहायक प्रजिअ भीमकान्त पौडेल, प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, एन-प्याब्सन पर्साका अध्यक्ष राम श्रेष्ठ, वीउवासङ्घका उपाध्यक्ष हरि गौतमलगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए।

**प्रस, सेढवा/**

यसैबीच सम्पन्न अधिवेशनले अजित भुजेलकै अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ।

कार्यसमितिको उपाध्यक्ष मुनेस लायो मगर, सचिव राम मण्डल, कोषाध्यक्ष सन्तोष रञ्जीतकारलगायत सदस्यहरू छन्।

यसैगरी, प्रदेश प्रतिनिधि पूनम चौधरी, शम्भु महतो थारू, केन्द्रीय प्रतिनिधिमा कुसुमलाल श्रेष्ठ, ओमप्रकाश चौधरी, सल्लाहकारमा प्रताप श्रेष्ठ, कल्याणबहादुर हाडा रहेका छन्।


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## नकआउट प्रतियोगितामा सत्यम कलेज विजयी




तस्वीरः प्रतीक

प्रस, वीरगंज, ७ पुस/

डिवाइसिसी कप तेस्रो इन्टरकलेज प्लस टु टी-ट्वान्टी नकआउट क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार भएको फाइनल खेलमा सत्यम कलेज विजयी भएको छ।

टस जिती ग्लोबल बिजनेस कलेजले २० ओभरको खेलमा १३१ रन बनाएको थियो। प्रतिउत्तरमा सत्यम कलेजले १३२ रन बनाइ विजयी हासिल गरेको थियो।

सत्यम कलेजका सुमित कुमारले १७ बलमा ३१ रन, सलमान आलमले ३० बलमा २६ रन, रितिक साहले २३ बलमा १९ रन, निखिल सिंहले चार ओभरमा दुई विकेट लिई २६ रन तथा सोएब अख्तरले दुई विकेटका साथ ३४ रन बनाएका थिए। सो खेलमा विजयी टीमका सुमित कुमार 'म्यान अफ दी म्याच' घोषित भए।

कार्यक्रमका प्रमुख अतिथि कञ्चन झाले विजयी टीमलाई पुरस्कार वितरण गरेका थिए। खेललाई सफल बनाउन पर्सा क्रिकेट टीम तथा वीरगंज युवा च्याम्सले सहयोग गरेका थिए।

## प्रधानमन्त्री महिला कप क्रिकेटः एपिएफ सेमिफाइनलमा

सुदूरपश्चिम, ७ पुस/रासस

धनगढीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार भएको खेलमा विभागीय टीम एपिएफले सुदूरपश्चिमलाई ८९ रनअन्तरले पराजित गरेको छ। आजको लगातार दोस्रो जीतसँगै एपिएफ प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। समूह 'बी'मा समावेश टोलीबीच भएका दुई खेलमा जीत हात पार्दै एपिएफ चार अङ्कसहित अङ्कतालिकाको शीर्ष स्थानमा पुगेको हो।

सुदूरपश्चिमलाई सेमिफाइनलमा पुग्नका लागि प्रदेश २ लाई पराजित गर्नुपर्नेछ। आजै भएको दोस्रो खेलमा प्रदेश २ ले गण्डकी प्रदेशलाई पराजित गर्दै सेमिफाइनल प्रवेशको सम्भावनालाई भने कायम राखेको छ। समान दुई खेल खेलेका सुदूरपश्चिम र प्रदेश २ को एक खेलमा जीत र एक खेलमा हार बेहोर्दै दुई अङ्क रहेको छ। रन रेटमा भने सुदूरपश्चिम प्रदेश दोस्रो स्थानमा रहँदा प्रदेश २ तेस्रो स्थानमा छ। चौथो स्थानमा रहेको गण्डकी प्रदेश दुई खेलमा जीतविहीन हुँदै अङ्कविहीन भएर पुछारमा रहेको छ।

धनगढीको फाप्ला मैदानमा आज भएको पहिलो खेलमा टस हारेर ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १२८ रन बनायो। एपिएफका लागि ओपनर इन्दु बर्माले सर्वाधिक ३३ रन जोड्दा राजमती ऐरीले १९, रोमा थापाले १६ र सरिता मगरले १४ रन जोडे।

सुदूरपश्चिमका लागि कप्तान रीतु कनौजियाले तीन तथा दीपा जोरा र कविता जोशीले समान दुई विकेट लिए। १२९ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले १४ ओभरमा सबै विकेट गुमाउँदै ३९ रन मात्रै बनाउन सक्यो। सुदूरपश्चिमका लागि कप्तान रीतु कनौजिया र रुवि पोद्दारले समान १० रन बनाए। अन्य खेलाडीले दोहोरो अङ्क पनि बनाउन सकेनन्। एपिएफका लागि करुणा भण्डारीले चार विकेट लिइन्। सोनु खड्का, रेखा रावल र सीता रानामगरले समान एक/एक विकेट लिए। खेलमा चार विकेट लिएकी एपिएफकी करुणा भण्डारी 'प्लेयर अफ दी म्याच' घोषित भइन्।

पहिलो खेलमा एपिएफसँग हार बेहोरेको प्रदेश नं २ ले गण्डकी प्रदेशलाई सात विकेटले पराजित गर्दै सेमिफाइनल प्रवेशको सम्भावनालाई जीवितै राखेको हो।

लगातार दुई हारसँगै गण्डकी प्रदेश भने प्रतियोगिताबाट बाहिरिन पुगेको छ। पहिले ब्याटिङ गर्दै गण्डकी प्रदेश ३९ रनको झिनो योगफलमा समेटियो। सत्र दशमलव एक ओभरमा सबै विकेट गुमाएको गण्डकीका लागि अञ्जली विश्वकर्माले सर्वाधिक १५ रन बनाउनुबाहेक अन्य खेलाडीले दुई अङ्कको रन बनाउन सकेनन्।

गण्डकीले १३ रन अतिरिक्त पाएको थियो। प्रदेश २ का लागि सन्तोषी चौधरीले तीन, अनुराधा चौधरीले दुई, रोजी कडारी र सरस्वती चौधरीले समान एक/एक विकेट लिए। चालीस रनको विजय लक्ष्य प्रदेश २ ले तीन विकेटको क्षतिमा प्राप्त गऱ्यो। दश दशमलव तीन ओभरमा जीत हात पार्नका लागि ओपनरद्वय साना प्रवीण र अनुराधा चौधरीले पहिलो विकेटका लागि २२ रनको साझेदारी गरे।

गण्डकी प्रदेशका लागि शिला क्षेत्रीले एक विकेट लिइन्। खेलमा प्रदेश २ की सरस्वती चौधरी 'प्लेयर अफ दी म्याच' घोषित भइन्। प्रतियोगिता अन्तर्गत बिहीवार लिग चरणका अन्तिम दुई खेल हुने आयोजकले जनाएको छ।

## दलित महिलालाई सिलाइकटाइ तालीम

प्रस, विन्ध्यवासिनी, ७ पुस/

विन्ध्यवासिनी गाउँपालिका-५ मा दलित महिलाहरूका लागि ९० घण्टे सीपमूलक सिलाइकटाइ तालीम शुरू भएको छ।



तस्वीरः प्रतीक

विन्ध्यवासिनी गापाको सहयोग र सरिता सीप कला केन्द्रको आयोजनामा भेलहा धर्मशालामा बुधवारदेखि शुरू भएको तालीमको सामाजिक शाखाका अधिकृत नरेश चौहानले उद्घाटन गरेका थिए।

दलित महिलाहरू सीप सिकेर आयआर्जन गरी आत्मनिर्भर बन्न सकून् भन्ने उद्देश्यले कार्यक्रम गरिएको बताउँदै शाखा अधिकृत चौहानले सहभागी दलित महिलाहरूलाई सक्रिय भएर सीप सिक्न आग्रह गरे।

सरिता गुप्ताको अध्यक्षतामा कार्यक्रम भएको थियो। तालीममा आभा देवी, रिङ्कु देवीले प्रशिक्षण दिनेछन्।

## विद्युत् चुहावट गर्ने नौजना पक्राउ

प्रस, पोखरिया, ७ पुस/

नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रले चुहावट नियन्त्रण कार्यलाई निरन्तरता दिंदै आएको छ।

यसै क्रममा पुस ६ गते नौजनालाई विद्युत् चुहावटको कसूरमा पक्राउ गरेको र उनीहरूबाट रु एक लाख सात हजार ८०२ असुल गरेर छाडिएको वितरण केन्द्र प्रमुख जगरनाथ झाले बताए।

उनले चालू आवको पुस ६ गतेसम्म विद्युत् चुहावट गर्ने एक सय चौतीसजनालाई नियन्त्रणमा लिएर उनीहरूबाट रु १७ लाख ८४ हजार ९६७ जरिवाना असुल गरिएको बताए।

वितरण केन्द्रका प्रमुख झाले चालू आवमा बक्यौता रहेका १६१ जनाको लाइन काटिएको र उनीहरूबाट रु ५१ लाख १७ हजार ३३० असुल भएको बताए।

यसैगरी, २४७ जनालाई चालू आवमा मिटरबाट चोरी गरेको कसूरमा दण्डित गरिएको र उनीहरूबाट रु २५ लाख ४ हजार ९९१ जरिवाना असुल गरेको बताए।

### चार महिनामा १५० मेगावाट....

जानकारी लिएको छु। योसँगै उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिकरूपमैं खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजना अन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम भइरहेको छ," उनले भने।

प्राधिकरणको विद्युत् खपत बढाउने अल्पकालीन योजना अन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिटो सम्पन्न गर्ने रहेको छ। दीर्घकालीन योजना अन्तर्गत विद्युत् खपत बढ्न सक्ने सम्भावित ठाउँहरूको पहिचान गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेशन निर्माण शुरू गर्ने प्राधिकरणको योजना छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले उद्योगले मागे जति बिजुली उपलब्ध गराउन प्राधिकरणलाई स्पष्ट निर्देशन दिएकी छन्। औद्योगिक क्षमताको वृद्धिका अलावा रोजगारका अवसरको वृद्धिका लागि पनि उद्योगलाई मागे जति बिजुली दिनुपर्ने उनको भनाइ छ। मन्त्री भुसाल प्राधिकरण सञ्चालक समितिकी अध्यक्षसमेत हुन्। प्राधिकरणले थप विद्युत् आवश्यक पर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिनसमेत आग्रह गरिरहेको छ। मुख्यरूपमा औद्योगिक कोरिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि बृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ।